# देवकोटा सन्देश

महाकवि देवकोटा क्याम्पस, सुनवल, नवलपरासी

A QAA Accredited institution by UGC, Nepal

■ वर्ष : ६ ■ अंक: १० ■ २०७६ साउन ■ अर्धवार्षिक बुलेटिन



## सम्पादन समिति

संरक्षक

कृष्णप्रसाद लामिछाने
(अध्यक्ष क्याम्पस संचालक समिति)

सल्लाहकार

मा. सांसद देवेन्द्रराज कंडेल
मा. विधायक बैजनाथ चौधरी
नगरप्रमुख, भिमबहादुर थापा
विष्णुप्रसाद पौडेल
अर्जुनकुमार पोखरेल
उमानाथ पोखरेल
बोधराज घिमिरे

क्याम्पसप्रमुख

नारायण प्रसाद ढकाल

सम्पादक

हरिदत्त शर्मा

सह-सम्पादक

प्रकाश जि.सी.

प्रकाशक

महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९, ९८५७०४६०४९

पत्राचार ठेगाना

महाकवि देवकोटा क्याम्पस
सुनवल-४, नवलपरासी
फोन: ०७८-५७००४९
Email: mdcampus60@gmail.com
info@mdc.edu.np
website:www.mdc.edu.np

मुद्रण/ले-आउट सेटिङ्ग
प्रफेक्ट प्रिन्ट
बुटवल, रुपन्देही
मो. ९८४७०१३७०९५
Perfectprintlink@gmail.com


## विदाई कार्यक्रम सम्पन्न



मिति २०७५ साल चैत्र १५ गतेका दिन महाकवि देवकोटा क्याम्पसको स्नातक तह तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरुको आयोजनामा चौथो वर्षको अध्ययन समाप्त गरेका BBS, B.Ed र B.A सबै सङ्कायका विद्यार्थीहरुलाई विदाई गर्ने कार्यक्रम यसै क्याम्पसको सभाहलमा सम्पन्न भएको छ ।

क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता र क्याम्पस संचालक समितिका संस्थापक अध्यक्ष एवम् क्याम्पस संरक्षक थानप्रसाद गैरेको प्रमुख आतिथ्यता रहेको उक्त कार्यक्रममा क्याम्पस संचालक समितिका निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल विशेष अतिथि रहनुभएको थियो । कार्यक्रममा क्याम्पस संरक्षक गोपालप्रसाद शर्मा, उमानाथ पोखरेल, चण्डीप्रसाद पाण्डे, सम्पूर्णानन्द गुप्ता समेतको गरिमामय उपस्थिति रहेको थियो । क्याम्पसप्रमुख नारायण प्रसाद ढकाल, सहयाक क्याम्पस प्रमुख, विभागिय प्रमुखहरु, शिक्षक तथा विद्यार्थीहरु गरी करिव १५० जनाको सहभागितामा सम्पन्न भएको सो कार्यक्रमको विधिवत् उद्घाटन प्रमुखअतिथि र सभाध्यक्षद्वयले संयुक्त रुपमा पानसमा दीप प्रज्वलन गरी गर्नुभएको थियो । स्नातक तह B.Ed तेस्रो वर्षमा अध्ययनरत बहिनी नविना श्रेष्ठले विदाई मन्तव्य व्यक्त गर्दै विदाई भएर जान लागेका सम्पूर्ण अग्रज दाइ दिदीहरुले क्याम्पसका सकारात्मक कुराहरु मात्र बाहिर लिएर जान अनुरोध गरिन् । अनुभव मन्तव्यका क्रममा शिक्षाशास्त्र सङ्काय चौथो वर्षकी बहिनी कमला रानाले क्याम्पसले प्रदान गरिरहेको शिक्षा गुणस्तरीय रहेको, यहाँका शिक्षकहरु पनि मिलनसार र कर्तव्यनिष्ठ भएको विचार व्यक्त गरिन् । अनुभव मन्तव्यकै क्रममा व्यवस्थापन सङ्काय चौथो वर्षमा अध्ययनरत बहिनी दुर्गा पौडेलले निकै चुनौतिहरुको सामना गर्दै आँफू यस क्याम्पसमा आएको र आए पछि आफूले सोचे अनुसारको शैक्षिक गुणस्तर पाएकोमा खुसी व्यक्त गरिन् । सो अवसरमा क्याम्पसबाट विदाई भएर जान लागेका विद्यार्थीहरुलाई मायाको चिनो समेत प्रदान गरिएको थियो ।

→बाँकी पृष्ठ ४ मा

## शैक्षिक भ्रमण



२०७५ साल चैत्र १६ गतेका दिन महाकवि देवकोटा क्याम्पसको शिक्षा शास्त्र सङ्काय स्नातक तह तेस्रो वर्षको जनसङ्ख्या शिक्षा शिक्षण विधि विषयको आंशिक पाठ्यभार पूरा गर्ने उद्देश्यले वाल्मिकी आश्रम र त्रिवेणी धामको एक दिने स्थलगत शैक्षिक अवलोकन भ्रमण सम्पन्न भएको छ । व्यवहारिक साथै प्रयोगात्मक शिक्षाले नै वर्तमान समयका विद्यार्थीहरुलाई समयानुकूल बनाउने र वर्तमान शिक्षाको लक्ष्य समेत पूरा हुने तथ्य मध्यनजर गर्दै भ्रमण गराइएको थियो । शिक्षा शास्त्र सङ्काय स्नातक तह तेस्रो वर्षमा अध्ययन गर्ने २७ जना विद्यार्थीहरुको सहभागिता रहेको उक्त भ्रमणको अवसरमा सहभागी विद्यार्थीहरुलाई वाल्मिकी आश्रमको महत्व र त्यसको इतिहासको बारेमा जानकारी गराइएको थियो भने आश्रमका पुजारीबाट गरिएको धार्मिक प्रवचनमा समेत विद्यार्थीहरुलाई सहभागी बनाइएको थियो ।

→बाँकी पृष्ठ ४ मा

# आधारभूत कम्प्युटर तालिम उद्घाटन



मिति २०७५ चैत्र २४ गतेका दिन सुनवल नगरपालिकाको सहयोग र महाकवि देवकोटा क्याम्पसको संचालनमा संचालित हुने तीन महिने कम्प्युटर तालिमको उद्घाटन कार्यक्रम क्याम्पसको सभाहलमा सम्पन्न भएको छ ।

विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा दिने उद्देश्यले संचालन हुन लागेको उक्त तालिमको उद्घाटन कार्यक्रमको अध्यक्ष क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने रहनुभएको थियो । उक्त उद्घाटन कार्यक्रमका प्रमुखअतिथि सुनवल नगरपालिकाका नगरप्रमुख भिमबहादुर थापा रहनुभएको थियो । सुनवल नगरपलिकाका नगर उपप्रमुख दधिराम अर्यालको विशिष्ट आतिथ्यता रहेको उक्त कार्यक्रममा क्याम्पस संचालक समितिका संस्थापक सदस्य अर्जुनकुमार पोखरेल र सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष वीरबहादुर गुरुङद्वयको विशेष आतिथ्यता रहेको थियो । सो कार्यक्रममा क्याम्पस संचालक समितिका सदस्यहरु, विद्यार्थी, शिक्षक र कर्मचारी गरी १७० बढीको उपस्थिति रहेको थियो । कार्यक्रमका प्रमुख अतिथिद्वारा जोर पानसमा दीप प्रज्वलन गरी विधिवत रुपमा कार्यक्रम उद्घाटन गरिएको थियो भने Laptop on गरेर Computer Basic Training को विधिवत् रुपमा उद्घाटन गरिएको थियो । उक्त अवसरमा आफ्नो मन्तव्य राख्दै कार्यक्रमका विशेष अतिथि वडाध्यक्ष गुरुङ्गले कम्प्युटर ट्रेनिङ्गले विद्यार्थीहरुलाई प्राविधिक साथै प्रयोगात्मक ज्ञान दिने कुरा बताउँदै ट्रेनिङ्गमा सक्रिय रुपमा सहभागी हुन सबैलाई आग्रह गर्नुभयो ।

मन्तव्यकै क्रममा विशिष्ट अतिथि नगर उपप्रमुख अर्यालले वर्तमान समयका विद्यार्थी प्रविधिको नजिक हुनुपर्ने विचार व्यक्त गर्दै कम्प्युटर शिक्षा विनाको ज्ञान वर्तमान समयमा अधुरो र अपूर्ण हुने विचार राख्नुभयो । सो अवसरमा आफ्ना मन्तव्य राख्दै प्रमुख अतिथि नगरप्रमुख थापाले कम्प्युटर शिक्षा दिएर वेरोजगारी हटाउने र कुनै पनि युवा विदेश जान नपर्ने वातावरण सिर्जना गर्ने विचार राख्नु हुँदै सिपसँग प्रविधि जोड्नु पर्ने विचार व्यक्त गर्नु भयो । शिक्षा अपाङ्ग हुन नदिन यसलाई प्रविधिसँग जोड्नु पर्ने भन्दै सुनवल नगरपालिकाले हरेक शिक्षित युवालाई कम्प्युटर शिक्षा दिने योजना बनाएको विचार राख्नु भयो ।

सोही अवसरमा क्याम्पसको सार्वजनिक सूचना शाखाद्वारा प्रकाशन गरिएको शैक्षिक क्यालेन्डर २०७६ को पनि विमोचन गरिएको थियो । नेपाल भ्रमण वर्ष २०२० सफल पारौँ भन्ने नाराका साथ प्रकाशन गरिएको उक्त क्यालेण्डरमा समावेश गरिएका धार्मिक तथा पर्यटकीय स्थलहरुको बारेमा शिक्षक हरिप्रसाद वस्यालले प्रष्ट पार्नु भएको थियो । कार्यक्रममा समापन मन्तव्य प्रस्तुत गर्दै सभाध्यक्ष लामिछानेले कम्प्युटर शिक्षा आजको आधारभूत आवश्यकता भएको कुरा उल्लेख गर्दै कम्प्युटर शिक्षाले विद्यार्थीहरुलाई समयानुकूल ज्ञान दिने र वर्तमान बजारमा प्रतिस्पर्धी बनाउने विचार व्यक्त गर्नु भयो । उक्त कार्यक्रममा क्याम्पस प्रमुख नारायणप्रसाद ढकालले स्वागत मन्तव्य व्यक्त गर्दै कार्यक्रमको औचित्य प्रष्ट पार्नुभएको थियो भने कार्यक्रमको संचालन शिक्षक हरिप्रसाद बस्यालले गर्नुभएको थियो ।

# Research Methodology Training



मिति २०७६ वैशाख १७ गतेका दिन विश्वविद्यालय अनुदान आयोगको सहयोग र महाकवि देवकोटा क्याम्पसको आयोजनामा वर्तमान समय सापेक्ष अनुसन्धान सम्बन्धि नयाँ ज्ञान दिने उद्देश्यले तीन दिने Research Methodology Training कार्यक्रम सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता र त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायका सहायक डिन डा. दिनेशमणि घिमिरेको प्रमुख प्रशिक्षकत्वमा कार्यक्रम संचालन भएको थियो । उक्त कार्यक्रममा डा. मनोज कुमार चौधरी र डा. ज्ञानबहादुर तामाङ प्रशिक्षक रहनु भएको थियो । विभिन्न क्याम्पसमा प्राध्यापन गर्ने प्राध्यापकहरु साथै महाकवि देवकोटा क्याम्पसका प्राध्यापक गरी ४० जनाको उपस्थितिमा कार्यक्रम संचालन भएको थियो । पानसमा दीप प्रज्वलन गरी कार्यक्रमका सभाध्यक्ष साथै प्रमुख प्रशिक्षक द्वयले कार्यक्रमको विधिवत् उद्घाटन गर्नु भएको थियो । उक्त तालिम कार्यक्रमको समापन मिति २०७६ वैशाख १९ गतेका दिन भएको थियो । समापन सत्रमा प्रमुख प्रशिक्षक डा. दिनेशमणि घिमिरेको समेत उपस्थिति रहेको थियो । उक्त समापन सत्रमा क्याम्पस संचालक समितिका संस्थापक सदस्य अर्जुन कुमार पोखरेल, सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष वीरबहादुर गुरुङ्ग, सल्लाहकार समिति संयोजक बोधराज घिमिरे, क्याम्पस संचालक समितिका पदाधिकारी, विभिन्न क्याम्पसका प्राध्यापकहरुको उपस्थिति रहेको थियो ।

→बाँकी पृष्ठ ४ मा

# छात्रवृत्ति वितरण कार्यक्रम

मिति २०७६/०२/२४ गतेका दिन यस महाकवि देवकोटा क्याम्पस अन्तर्गतको विद्यार्थी परामर्श शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई पढाई प्रति थप अभिरुची जगाउने उद्धेश्यले छात्रवृत्ति वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ।

गरिब, जेहेन्दार र सिमान्तकृत विद्यार्थीहरु आर्थिक अभावको कारणले पढ्ने अवसरबाट वञ्चित हुन नपरोस् भन्ने उद्धेश्यले यस शाखाले विगतका वर्षहरुमा जस्तै यस वर्ष पनि छात्रवृत्ति वितरण गर्ने कार्यक्रमको आयोजना गरेको छ। क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने सभाध्यक्ष, सुनवल नगरपालिकाका नगरप्रमुख भिमबहादुर थापा प्रमुखअतिथि, सुनवल नगरपालिकाका नगर उपप्रमुख दधिराम अर्याल विशिष्ट अथिति, याम्पस संचालक समितिका निवर्तमान अध्यक्ष एवम् क्याम्पस संरक्षक विष्णुप्रसाद पौडेल विशेष अथिति रहनुभएको थियो । उक्त कार्यक्रममा सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष वीरबहादुर गुरुङ, उद्योग वाणिज्य संघ नवलपरासीका अध्यक्ष केशवप्रसाद भण्डारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा क्याम्पस संचालक समितिका अन्य पदाधिकारी, समाजसेवी, अभिभावक, प्राध्यापक, कर्मचारी र विद्यार्थी गरी १६५ जनाको सहभागिता रहेको थियो । क्याम्पसले आफ्नै स्रोतबाट प्रदान गर्ने छात्रवृत्तिमा जम्मा १,५२,१००/- रुपैंया विभिन्न संकायमा अध्ययन गर्ने ४१ जना विद्यार्थीहरुले प्राप्त गरेका थिए भने सिमान्तकृत छात्रवृत्ति मा जम्मा




रु. ७०,०००/- रुपैया विभिन्न संकायमा अध्ययन गर्ने १६ जना विद्यार्थीहरुले प्राप्त गरेका थिए भने जेहेन्दार तर्फ प्राप्त गर्न सफल विद्यार्थीहरुलाई टिका तथा पुष्पगुच्छा साथै छात्रवृत्ति रकम प्रदान गरी स्वागत गरिएको थियो।

पढाई, आर्थिक अवस्था, नियमितता, अनुशासन साथै दलित जनजाति जस्ता कुराहरुलाई मूल्यांकनको आधार बनाईएको जानकारी विद्यार्थी परामर्श शाखाका संयोजक सूर्यप्रसाद ढकालले दिनुभयो । शुभकामना मन्तव्य प्रस्तुत गर्दै विशिष्ट अतिथि अर्यालले क्यम्पसले Q.A.A. प्राप्त गरिसकेको वर्तमान परिस्थितिमा विद्यार्थीहरु पनि जिम्मेवार हुनुपर्ने विचार राख्दै छात्रवृति प्राप्त गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई शुभकामना दिनुभयो। उक्त कार्यक्रमा प्रमुख अतिथि नगरप्रमुख थापाले देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र यसको संचालन पनि आफूहरुले गर्नुपर्ने भएको हुनाले सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्ने भन्दै छात्रवृति रकमले विद्यार्थीहरुको भविष्य निर्माणमा ठूलो योगदान पुऱ्याउने विचार राख्नु भयो। साथै उहाँले देवकोटा क्याम्पस एक नमुना क्याम्पसको रुपमा विकसित भएको यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरु पनि उदाहरणिय हुनुपर्ने विचार व्यक्त गर्नुभयो।

समापन मन्तव्यका क्रममा सभाध्यक्ष लामिछानेले छात्रवृत्ति रकमले विधार्थीहरुलाई पढाई तर्फ उत्प्रेरित गर्ने विचार राख्नुभयो । सो कार्यक्रममा शिक्षक सूर्यप्रसाद ढकालको स्वागत मन्तव्य र शिक्षक हरिदत्त शर्माको संचालन रहेको थियो।

## Research...

सो अवसरमा आफ्नो अनुभव मन्तव्य व्यक्त गर्दै पर्रोहा बहुमुखी क्याम्पसका प्राध्यापक हेमचन्द्र खरेलले तालिमबाट आँफूलाई नयाँ ज्ञान प्राप्त भएको विचार व्यक्त गर्दै आयोजकलाई धन्यवाद दिनु भयो । क्याम्पस संचालक समितिका सदस्यद्वय विमला अर्याल र अर्जुन कुमार पोखरेलले समेत शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । उहाँहरुले अनुसन्धान विनाको शिक्षा अपूर्ण हुने विचार व्यक्त गर्नुभयो । सो अवसरमा प्रमुख प्रशिक्षक डा. घिमिरे र सभाध्यक्ष लामिछानेले तालिममा सक्रिय सहभागिता जनाउने सम्पूर्ण सहभागीलाई प्रमाणपत्र प्रदान गर्नु भएको थियो । धन्यवाद मन्तव्य व्यक्त गर्दै प्रमुख प्रशिक्षक घिमिरेले तालिममा सहभागी सम्पूर्णलाई धन्यवाद दिँदै सहभागीहरु निकै जिज्ञासु भएको हुनाले आँफूलाई तालिममा निकै सहज भएको विचार व्यक्त गर्नुभयो साथै उहाँले आवश्यक परेको खण्डमा जुनसुकै समयमा पनि ज्ञान दिन पछाडि नपर्ने वचनबद्धता समेत प्रकट गर्नु भयो । आफ्नो निकै व्यस्त समय क्याम्पसलाई दिएर प्रशिक्षण गर्नु भएको प्रशिक्षकहरुलाई सभाध्यक्ष लामिछानेले मायाको चिनो प्रदान गर्नु भएको थियो।

समापन मन्तव्य व्यक्त गर्दै सभाध्यक्ष लामिछाने सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिँदै तालिमले सहभागिहरुलाई पक्कै पनि नवीन ज्ञान प्रदान गरेको होला भन्ने विचार राख्नुभयो साथै उहाँले प्राप्त ज्ञानलाई सही क्षेत्रमा उपयोग गर्न पनि सबैलाई आग्रह गर्नुभयो। उक्त कार्यक्रममा क्याम्पस प्रमुख नरायणप्रसाद ढकालको स्वागत मन्तव्य र शिक्षक हरिदत्त शर्माको संचालन रहेको थियो।

# बधाई तथा शुभकामना कार्यक्रम

मिति २०७६ वैशाख ३१ गतेका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा जिल्लामै उत्कृष्ट नतिजा ल्याउन सफल विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिनको लागि आयोजना भएको बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न भएको छ।

क्याम्पस संचालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछाने, क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल, क्याम्पसका प्राध्यापक, कर्मचारी र विद्यार्थीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा स्नातक तह चार वर्षे BBS र B.Ed प्रथम वर्षको नतिजामा ६१.५ प्रतिशत अङ्क प्राप्त गरी शिक्षा शास्त्र सङ्काय तर्फ जिल्ला प्रथम हुन सफल रोशन श्रेष्ठ साथै व्यवस्थापन सङ्काय तर्फ पनि ७३ प्रतिशत अङ्क प्राप्त गरी जिल्ला प्रथम हुन सफल गीता पाण्डे लगायत दुवै सङ्कायबाट उत्तीर्ण हुन सफल सम्पूर्ण विद्यार्थीहरुलाई दोसल्ला ओढाई अध्यक्ष लामिछानेले सम्मान गर्नु भएको थियो । सो अवसरमा आफ्नो मन्तव्य दिँदै क्याम्पस प्रमुख ढकालले क्याम्पसले गरेको शैक्षिक उपलब्धिको प्रशंसा गर्नुभयो । QAA गुणस्तर प्रमाणपत्र प्राप्त गर्न सफल यस क्याम्पसले नतिजामा पनि आफूलाई अब्वल बनाउँदै लगेको विचार व्यक्त गर्नुभयो । बधाई तथा शुभकामना मन्तव्य प्रस्तुत गर्दै अध्यक्ष लामिछानेले दुवै सङ्कायका विद्यार्थीहरुले जिल्लामै उत्कृष्ट नतिजा ल्याउन सफल भएकोमा सम्पूर्ण विद्यार्थी, अभिभावक र शिक्षकलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभयो । उक्त कार्यक्रमको संचालन शिक्षक हरिदत्त शर्माले गर्नुभएको थियो।

# Career Counselling and Orientation Program



२०७६/०४/२१ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गतको विद्यार्थी परामर्श शाखाको आयोजनामा कक्षा ११,१२ पास गरी सकेपछिको शिक्षा कस्तो हुनुपर्छ ? कुन विषय पढ्दा के फाइदा हुन्छ ? वर्तमान समयमा कस्तो विषय छनौट गर्नुपर्छ भन्ने कुरा विद्यार्थीहरुलाई जानकारी गराउने उद्देश्यले महाकवि देवकोटा क्याम्पसको सभाहलमा एक दिने Career Counselling & Orientation Programme सम्पन्न भएको छ।
रुपन्देही जिल्लाको देवदह आसपासका देवदह मा.वि., केरवानी मा.वि., सगरमाथा आवासिय मा.वि., ग्रिन प्लान्ट आवासिय मा.वि., सुनवल नगरपालिकाका विभिन्न विद्यालय साथै परासी क्षेत्रका विभिन्न विद्यालयबाट माध्यमिक शिक्षा पूरा गरी क्याम्पस तहको शिक्षा प्राप्तिको लागि तयार भएका २०० बढी विद्यार्थीहरुको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा प्राध्यापक सूर्यप्रसाद ढकालले सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो । उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी ले क्याम्पस तहको अध्ययन गर्न जाने विद्यार्थीहरुले आफ्नो रुचि, दक्षता, बजारमा त्यस विषयको माग, अवसर जस्ता कुरालाई मध्यनजर गरेर विषय छनौट गर्नुपर्ने कुरामा जोड दिनुभयो साथै उहाँले BBA र BBS पढ्दा हुने फाइदाको बारेमा समेत स्पष्ट पार्नु भएको थियो । कार्यक्रममा शिक्षा तथा मानविकी संकाय प्रमुख बविन सापकोटाले विषय छनौटले मात्र विद्यार्थीहरुले सही रुपमा ज्ञान प्राप्त गर्न नसक्ने त्यसको लागि अध्ययन गर्ने संस्थाको शैक्षिक वातावरणलाई पनि ध्यान दिनुपर्ने विचार राख्दै B. Ed र B.A पढ्दा हुने फाइदाका बारेमा स्पष्ट पार्नुभएको थियो । पढ्ने विषय र पढाउने संस्था उपयुक्त भएमा मात्र सिकारुले उचित तरिकाले सिक्ने हुनाले त्यसको लागि विद्यार्थीहरुले देवकोटा क्याम्पस नै रोज्नुपर्ने विचार राख्नु भयो। उक्त कार्यक्रममा व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकालले हाल नेपाल औद्योगिक र व्यापारिक क्षेत्रमा अगाडि बढ्दै गएको हुनाले व्यवस्थापन संकायमा पढ्नु फाईदाजनक हुने भन्दै यसबाट विद्यार्थीहरुमा स्वरोजगारको भावना विकास हुने तर्फ संकेत गर्नुभयो । वर्तमान समयमा देवकोटा क्याम्पस नवलपरासी जिल्लाकै एक उत्कृष्ट क्याम्पस बन्न पुगेको र यसले QAA प्रमाण पत्र पाइसकेको हुनाले अब यस क्याम्पसमा पढेर सर्टिफिकेट प्राप्त गर्ने विद्यार्थीहरुको सर्टिफिकेटमा QAA ब्राण्ड हुने हुनाले यस क्याम्पसमा अध्ययन गरेर QAA ब्राण्डेड सर्टिफिकेट प्राप्त गर्न क्रियाशिल भएर लाग्नु पर्ने विचार विद्यार्थी परामर्श शाखाका संयोजक उपप्राध्यापक सूर्यप्रसाद ढकालले राख्नुभयो । आफ्नो संक्षिप्त शुभकामना मन्तव्य राख्दै क्याम्पस प्रमुख नारायणप्रसाद ढकालले विभिन्न विद्यालयबाट कक्षा ११,१२ उत्तीर्ण हुन सफल सम्पूर्ण विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिँदै आँफुले क्याम्पसको शैक्षिक गुणस्तरको जिम्मा लिने भएको हुनाले ढुक्क भएर क्याम्पसमा आउन आग्रह गर्नुभयो । उक्त कार्यक्रममा प्राध्यापक हरिदत्त शर्माले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो।

# खेलकुद प्रतियोगिता

अध्ययन अध्यापनको अतिरिक्त विद्यार्थीहरुमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले मिति २०७५/१०/२८ र २९ गते दुई दिने खेलकुद प्रतियोगिता सम्पन्न भएको छ। महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा संचालित उक्त खेलकुद प्रतियोगितामा भलिवल, फुटसल,क्रिकेट,लङजम्प, हाईजम्प,रिलेरेस, सटपुट, स्लो साइकल रेस,म्युजिकल चेयर जस्ता खेलमा प्रतिस्पर्धा गराईएको थियो । विद्यार्थीहरुको उल्लेख्य सहभागिता रहेको सो प्रतियोगितामा संचालन भएका उपर्युक्त खेलहरुमा प्रथम द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल विद्यार्थीहरुलाई पुरस्कार र प्रमाणपत्र वितरण गरिएको थियो ।

## विदाई...

मन्तव्यको क्रममा विशेष अतिथि पौडेलले विदाई भएर जान लागेका भाइबहिनीहरुबाट नै क्याम्पसको इज्जत प्रतिष्ठा कायम रहने हुनाले निकै जिम्मेवार भएर आफ्नो कार्यक्षेत्रमा लाग्न आग्रह गर्नुभयो । मन्तव्यकै क्रममा प्रमुखअतिथि गैरेले विदाई भएर जान लागेका भाइबहिनीहरुले क्याम्पसका सकारात्मक कुराहरु मात्र बाहिर लैजान आग्रह गर्नु भयो। साथै उहाँले विद्यार्थीहरुनै क्याम्पसका गहना भएको र गहना सही ठाउँमा गएर सही काम गर्न र क्याम्पसको मान प्रतिष्ठा बढाउन आग्रह गर्नु भयो । उक्त अवसरमा विभिन्न किसिमका सांस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो । समापन मन्तव्य व्यक्त गर्दै सभाध्यक्ष लामिछानेले क्याम्पसमा भर्ना भएर चारवर्षसम्म क्याम्पसका हरेक क्रियाकलापमा सहभागिता जनाउँदै सकारात्मक कार्यमा अग्रसर सम्पूर्ण विद्यार्थीहरुलाई धन्यवाद दिनुभयो। साथै उहाँले काम गर्ने दौरानमा वा पढाईको दौरानमा कहीँ कतैबाट जानी नजानी विद्यार्थी भाइबहिनीहरुको चित्त दुखाउने काम भएको भए क्षमा याचना गर्दै क्याम्पसको लागि विद्यार्थीहरुको सधैं साथ र सहयोग आवश्यक पर्ने विचार व्यक्त गर्नुभयो । सो कार्यक्रममा व्यवस्थापन संकाय प्रमुख भिमलाल ढकालको स्वागत मन्तव्य र शिक्षक हरिप्रसाद बस्यालको संचालन रहेको थियो।

## शैक्षिक...

वाल्मिकी आश्रमको अवलोकन पश्चात विद्यार्थीहरुलाई त्रिवेणी धामको धार्मिक सांस्कृतिक महत्वका बारेमा स्पष्ट परिएको थियो। भ्रमण समापनको क्रममा लिइएको विद्यार्थीहरुको प्रतिक्रियामा छात्रा निरुता गैरेले भ्रमण निकै फलदायी भएको साथै आफुले आजसम्म नजानेको धार्मिक सांस्कृतिक साथै वातावरणिय शिक्षा प्राप्त गरेको विचार व्यक्त गरिन् । प्रतिक्रियाकै क्रममा छात्रा रुपा भट्टराईले शैक्षिक भ्रमणले विद्यार्थीहरुलाई स्थलगत शैक्षिक ज्ञान दिएको विचार व्यक्त गरिन्।

## छात्रवृत्ति...

छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीहरुलाई टिका तथा पुष्पगुच्छा साथै छात्रवृत्ति रकम प्रदान गरी स्वागत गरिएको थियो । पढाइ, आर्थिक अवस्था, नियमितता, अनुशासन साथै दलित जनजाति जस्ता कुराहरुलाई मूल्यांकनको आधार बनाईएको जानकारी विद्यार्थी परामर्श शाखाका संयोजक सूर्यप्रसाद ढकालले दिनुभयो। शुभकामना मन्तव्य प्रस्तुत गर्दै विशिष्ट अतिथि अर्यालले क्यम्पसले Q.A.A प्राप्त गरिसकेको वर्तमान परिस्थितिमा विद्यार्थीहरु पनि जिम्मेवार हुनु पर्ने विचार राख्दै छात्रावृति प्राप्त गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई शुभकामना दिनुभयो। उक्त कार्यक्रमा प्रमुख अतिथि नगरप्रमुख थापाले देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र यसको संचालन पनि आफूहरुले गर्नुपर्ने भएको हुनाले सबैले आ-आफ्नो स्थानबाट सहयोग गर्नुपर्ने भन्दै छात्रवृति रकमले विद्यार्थीहरुको भविष्य निर्माणमा ठूलो योगदान पुऱ्याउने विचार राख्नु भयो। साथै उहाँले देवकोटा क्याम्पस एक नमुना क्याम्पसको रुपमा विकसित भएको यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरु पनि उदाहरणिय हुनुपर्ने विचार व्यक्त गर्नुभयो । समापन मन्तव्यका क्रममा सभाध्यक्ष लामिछानेले छात्रवृत्ति रकमले विद्यार्थीहरुलाई पढाई तर्फ उत्प्रेरित गर्ने विचार राख्नुभयो। सो कार्यक्रममा प्राध्यापक सूर्यप्रसाद ढकालको स्वागत मन्तव्य र प्राध्यापक हरिदत्त शर्माको संचालन रहेको थियो।